# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, आषाढ ७ गते २०३० साल [ अतिरिक्ताङ्क १७

### राष्ट्रिय पंचायत सचिवालयको

### सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको बाईसौं अधिवेशनलाई २०३० साल आषाढ ७ गते रोज ५ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शाही–सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४३

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

राष्ट्रिय पञ्चायतको २२ सौं अधिवेशनलाई सम्बोधन गर्दा हामीलाई हर्ष लागेको छ। विगत चैत्र मसान्तको दिन हाम्रा श्रद्धेया श्री ५ जिज्यू मुमा बडामहारानी कान्ति राज्यलक्ष्मी देवी शाहको स्वर्गारोहणले हामी सबैलाई दुःखी तुल्याएको छ। देशमा प्रजातन्त्रको स्थापनाको लागि मौसूफबाट भएको कार्यप्रति हामी सबै ऋणी छौं।

विगत केही वर्ष यता सामाजिक तथा राजनीतिक क्षेत्रमा हामीले धेरै उपलब्धिहरू हासिल गरेका छौं तापनि त्यसको तुलनामा जनजीवनको स्तर बृद्धि र आर्थिक उत्थानको बाटोमा आइपरेका समस्याहरूको सही समाधान गर्न अझै गहन प्रयास गर्नु परेको छ। उद्योग-धन्धाको कमीले गर्दा हाम्रो अर्थ-व्यवस्था बढी मात्रामा कृषिमा आश्रित हुँदै जानु, बढ्दो जनसंख्या, उचित शिक्षा र शीपको कमी, वन अतिक्रमण, भूक्षय, जलस्रोतको ह्रास तथा महँगी जस्ता जटिल समस्याहरूको समाधानको निमित्त आज हामीले हाम्रो आर्थिक विकासको गतिलाई तीव्रतर बनाउँदै लैजानु परेको छ। त्यसकारण, विकासलाई निश्चित गति प्रदान गर्न सक्ने र यसले देशको समस्त भूभाग र वर्गलाई अँगाल्न सक्ने स्थितिको सिर्जना गर्नु आज मेरो सरकारको प्रथम कर्तव्य हुन आएको छ।

यसै कुरालाई ध्यानमा राखी हामीबाट विकासको मूल फुटाउन समस्त देशवासीलाई आह्वान गरेका हौं र तदनुसार विकासकार्यहरूलाई क्षेत्रीय स्तरमा समन्वय गरी अगाडि बढाउने वातावरण तयार पार्ने लक्ष्य लिई अधिराज्यका चारै विकास क्षेत्रहरूको नियमित भ्रमण गर्ने कार्यक्रम शुरु गरेका हौं। क्षेत्रीय विकासलाई सघाउ पुरचाउने दृष्टिकोणबाट चौथो योजनाको वृहत् परिधिभित्र तयार गरिएको दुई वर्षे कार्यक्रम कार्यान्वियन भइरहेको पनि छ। राष्ट्रिय विकास परिषद्को पहिलो बैठकमा राष्ट्रिय योजना आयोगले प्रस्तुत गरेको आधारभूत सिद्धान्त अनुरूप पाँचौं योजनाको मसौदा तयार गरिने भएको छ।

हाम्रा बढ्दो विकासकार्यहरूलाई अगाडि बढाउनमा आन्तरिक साधनहरूको मुख्य हात रहन्छ भन्ने कुरालाई ध्यानमा राखी तिनीहरूको बढी मात्रामा परिचालन गर्न हाम्रो राजस्व वृद्धि गर्नेतर्फ पनि मेरो सरकार प्रयत्नशील रहने छ।

देशको अर्थ-व्यवस्था मुख्यतः कृषिमा नै आश्रित भएकोले मेरो सरकारले कृषिमा विभिन्न पक्षहरूको सन्तुलित विकासलाई जोड दिनुको साथै कृषि उत्पादनको अभिवृद्धि र न्यायपूर्ण वितरणको व्यवस्था मिलाउने आवश्यकतालाई प्राथमिकता दिनेछ। यस क्रममा भूसंरक्षण, जल तथा जमीनको समुचित उपयोग र बाढी नियन्त्रण जस्ता काम योजनाबद्ध तरीकाले सञ्चालन गर्न मेरो सरकारले नयाँ कृषि विकास नीति र कार्यक्रम लागू गर्ने छ र सिंचाइ कार्यक्रमलाई पनि कृषि विकासको अभिन्न अङ्गको रूपमा परिचालन गरिने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुनर्वासको बढ्दो समस्या र वन-संरक्षणको आवश्यकतालाई ध्यानमा राखी आफ्नै श्रमद्वारा खेती गर्ने वास्तविक भूमिहीन किसानलाई सुनियोजित तरीकाले बसोवास गराउन विशेष योजना कार्यान्वयन गर्नुको साथै मेरो सरकारले एक सुव्यवस्थित वन योजनाको तर्जुमा गर्नेछ ।

मोहीको बढी सुरक्षा गरी भूमिसुधार कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन आवश्यक पर्ने थप कानूनी व्यवस्था र केही थप जिल्लामा कूत निश्चित गर्नेतर्फ मेरो सरकारले कदम चाल्ने छ । नापी समाप्त भएका केही थप जिल्लाहरूमा भूमि प्रशासन लागू गरिने छ ।

यातायात विकासको सम्बन्धमा जोडतोडले काम भइरहेको कुरा सबैलाई थाहा भएकै हो । महेन्द्र–राजमार्गको पूर्वी खण्ड प्रायः समाप्त हुने अवस्थामा छ भने अब पश्चिमी खण्डमा पनि निर्माण शुरु भइसकेको छ । पृथ्वी राजमार्गको निर्माण पूरा भएको छ । काठमाडौं र धनकुटा विकास केन्द्रलाई जोड्ने दोलालघाट-धनकुटा राजमार्गको सर्वेक्षण र निर्माणबारे मित्रराष्ट्र भारतसंग सैद्धान्तिक सम्झौता भएको छ । त्यसै गरी पोखरालाई सुर्खेत विकास क्षेत्र-संग जोड्ने पहाडी राजमार्गको पनि प्रारम्भिक सर्वेक्षण मित्रराष्ट्र चीनको सहायताबाट भइ-रहेको छ ।

उत्तर-दक्षिण राजमार्गहरू मध्ये सुर्खेत र धनकुटा विकास केन्द्रहरूलाई महेन्द्र-राज-मार्गसंग जोड्ने राजमार्गहरूको निर्माणको सिलसिलामा यस वर्षदेखि विस्तृत सर्वेक्षण हुँदैछ । उपत्यकाभित्र चिनियाँ सहयोग अन्तर्गत काठमाडौं-भक्तपुरमा ट्रली बस सेवा स्थापना गर्ने काम चालू हुनुको साथै चक्रपथ निर्माणको लागि पनि सर्वेक्षण हुँदैछ ।

हवाई यातायातको विकास र विस्तारको लागि पुर्ननिर्माण र सुधार भइरहेका त्रिभुवन विमानस्थल, भैरहवा, विराटनगर, सिमरा, पोखरा समेत ,अरू केही विमानस्थलहरूमा आधुनिक उपकरणहरूको स्थापना चौथो योजना अनुसार गरिंदैछ ।

काठमाडौं उपत्यका तथा अधिराज्यका प्रमुख नगरहरूमा पछिसम्मको लागि खाने-पानी तथा ढल निकासको मांग पूर्ति गर्ने मेरो सरकारले गुरु योजना तयार गर्दैछ । साथै सुर्खेत, धनकुटा, पोखरा र काठमाडौं विकास केन्द्रहरूमा व्यवस्थित रूपबाट शहरहरूको विकास गर्ने सन्दर्भमा आवास तथा भौतिक परियोजनाको काम भइरहेको छ ।

आयात घटाउन तथा निर्यात बढाउन देशमा उपलब्ध साधनहरूमा आधारित उद्योगहरूलाई बढी प्राथमिकता दिने मेरो सरकारको औद्योगिक नीति कायम नै रहने छ । स्थानीय शीप तथा कच्चा पदार्थमा आधारित हस्तकला तथा साना उद्योगको विकास र विस्तार गर्ने क्रममा सर्वप्रथम विभिन्न विकास केन्द्रहरूमा घरेलु उद्योग कार्यक्रम सञ्चालन गरिने छ । औद्योगिक नीतिलाई अरू प्रभावकारी र छरितो बनाउन देशको अर्थ-व्यवस्था अनुरूप रोजगारी तथा क्षेत्रीय विकासलाई समेत दृष्टिगत गरी प्राथमिकताको आधारमा उद्योगहरूलाई आवश्यक सुविधा तथा सहूलियत प्रदान गर्ने एक ठोस र वस्तुगत परिपाटी अपनाइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४५

पर्यटन विकासको लागि विभिन्न आकर्षक स्थलहरूको सुनियोजित विकास कार्यक्रम सञ्चालन गर्न मेरो सरकार बढी प्रयत्नशील छ ।

व्यापारमा देशगत एवं वस्तुगत विविधीकरण ल्याई व्यापार अभिवृद्धि गर्ने मेरो सरकारको नीति रहने छ । यसलाई बढी सक्रियताको साथ कार्यान्वित गरिने छ ।

जनताको उपभोगका अत्यावश्यक वस्तुहरूमा र निर्माण सामग्रीहरूमा यता केही अवधिदेखि भइरहेको मूल्यबृद्धिप्रति मेरो सरकारको बढी ध्यान गएको छ । वास्तवमा अन्तर्राष्ट्रिय स्तरमा पनि एक समस्या बनेको मूल्यबृद्धिबाट नेपाल वञ्चित रहन सक्ने होइन तापनि देशको आन्तरिक मूल्यबृद्धिलाई नियन्त्रित तथा स्थिर गर्न यस्ता वस्तुहरूको उपलब्धि, सञ्चय र वितरणलाई बढी व्यवस्थित गर्दै अरू आवश्यक कदमहरू पनि उठाइने छ ।

भविष्यको मांगलाई समेत ध्यानमा राखी विद्युत् शक्तिको अधिकतम विस्तारको लागि विभिन्न योजनाहरू कार्यान्वयन गर्ने लक्ष्य अनुसार ठूल-ठूला नदीहरूबाट विद्युत् उत्पादनको सम्भावना बारे वृहत् योजनाहरूको लागि सर्वेक्षण गर्ने काम प्रारम्भ गरिने छ । कर्णाली योजनालाई साकार रूप दिनको लागि पहिलो आवश्यकता स्वरूप विद्युत् उत्पादनको अधिकांश भाग भारत सरकारले खरीद गर्न सहमति जनाएको छ ।

स्वास्थ्य संस्थाहरूलाई आधुनिक गराउन मेरो सरकारको प्रयत्न जारी रहने छ । परिवार नियोजन सेवालाई अझ प्रभावकारी रूपमा देशव्यापी र सुलभ गराइने छ । सरूवा रोगको रोकथाममा पनि बढी ध्यान दिइने छ ।

देशको सर्वाङ्गीण विकासको लागि आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले लागू गरिएको राष्ट्रिय शिक्षा पद्धतिको योजना सफलताका साथ कार्यान्वियन भइरहेको छ । अब यसलाई उच्च शिक्षा क्षेत्र तथा अरू बढी जिल्लाहरूमा दृढताका साथ लागू गरिने छ ।

सञ्चारका विभिन्न इकाईहरूलाई विकासको लागि प्रभावकारी बनाउन मेरो सरकारले लागू गरेको सञ्चार योजनामा सन्तोषजनक प्रगति भएको छ र आगामी वर्ष पनि सो योजनाका बाँकी कामहरू पूरा गर्ने प्रयास जारी नै रहने छ ।

विकासकार्यलाई सफलतापूर्वक कार्यान्वियन गर्न सक्ने क्षमता प्रशासनमा हुनु अत्यन्त जरूरी छ । स्थानीय स्तरमा जनशक्तिको परिचालन गरी विकास कार्यमा सहयोग पुर्‍याउनको लागि पञ्चायत तथा वर्गीय संगठनहरूलाई पनि सक्रिय पार्नु परेको छ । यस दृष्टिकोणबाट प्रशासनलाई सुदृढ र निष्पक्ष तुल्याउन विभिन्न सुधार कार्यहरूको साथै विकेन्द्रीकरण कार्यक्रमलाई प्रभावकारी बनाउन मेरो सरकार प्रयत्नशील रहने छ । यस उद्देश्यपूर्तिको निमित्त जिल्ला प्रशासन सम्बन्धी नयाँ योजनाको व्यवस्था गरिने छ । यसका साथै कर्मचारीहरूले आफ्नो तलबबाट जीविकाको लागि न्यूनतम आवश्यकताहरू पनि पूर्ति गर्न नसक्ने भएमा यसबाट प्रतिकूल असर पर्ने भएकोले मेरो सरकारले यसै आर्थिक वर्षदेखि कर्मचारीहरूको तलब बृद्धि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नुको साथै कर्मचारी सञ्चय कोष कट्टी गर्ने सम्बन्धमा पनि सामाजिक न्यायको दृष्टिकोण राख्ने छ। भ्रष्टाचार र अनुचित काम गर्नेलाई सजाय र प्रशंसनीय काम गर्नेलाई प्रोत्साहन दिने नीति मेरो सरकारले अपनाई आएकोमा कायमै राखिने छ।

कानूनलाई विकासको सहायक र एक माध्यमको रूपमा विकसित गराउनको साथै सस्तो, छिटो र छरितो न्यायव्यवस्था र कानूनको सही र पूर्ण कार्यान्वयनको लागि मेरो सरकार प्रयत्नशील रहने छ।

शाही सेनालाई समयानुकूल दक्ष गराउन साबिकबमोजिम नियमित रूपमा कार्यक्रम सञ्चालन गर्ने नीति अपनाइएको छ। देशमा शान्ति-सुरक्षा र सुव्यवस्था कायम गरी सर्व-साधारणमा अमनचैन ल्याउन प्रहरी सेवालाई दक्ष र प्रशिक्षित बनाउँदै लैजाने मेरो सरकारको नीति हुनेछ।

मेरो सरकारले असंलग्न परराष्ट्र नीतिमा अटल रही संसारका सबै देशहरूसंग शान्तिपूर्ण सह-अस्तित्व, सार्वभौमिकता तथा समानताको सिद्धान्तको आधारमा मैत्रीपूर्ण सम्बन्ध राखिआएको छ र यस नीतिलाई कायमै राखिने छ।

गत वर्षको हाम्रा प्रधानमन्त्रीको चीनको औपचारिक भ्रमण र भारतीय प्रधान-मन्त्रीको नेपालको औपचारिक भ्रमणबाट यी दुवै छिमेकी राष्ट्रहरूसंग रहिआएको हाम्रो सुखद मैत्रीपूर्ण सम्बन्धमा पारस्परिक समझदारी र सहयोगका क्षेत्रहरू अझ विस्तृत भएका छन्। त्यसै गरी नेपाल र अरू मित्रराष्ट्रहरू बीच विभिन्न स्तरमा भएको भ्रमणको आदानप्रदानबाट आपसी मित्रता र समझदारी अझ बढ्न गएको छ।

युगोस्लाभियाका प्रधानमन्त्रीको नेपालको औपचारिक भ्रमणबाट विशेषतः असं-लग्नताको क्षेत्रमा रहिआएको आपसी सहयोगको अरू वृद्धि भएको छ। अल्जीयर्समा हुने भएको असंलग्न राष्ट्रहरूको आगामी शिखर सम्मेलनमा नेपालले साबिक जस्तै सक्रिय भाग लिनेछ। राष्ट्र-राष्ट्रका बीचका समस्याहरू आपसी छलफलद्वारा समाधान खोज्ने प्रवृत्ति विश्वमा आएकोले अन्तर्राष्ट्रिय तनाउ घट्दै गएको छ। मेरो सरकार यस प्रवृत्तिको स्वागत गर्दछ।

हाम्रा विकासकार्यमा विभिन्न मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संस्थाहरूबाट महत्त्व-पूर्ण सहयोग प्राप्त भइरहेको छ। यातायात, विद्युत् जस्ता विकासका आधारस्तम्भहरूको निर्माणकार्यमा हाम्रा छिमेकी मित्रराष्ट्रहरू भारत र चीनबाट प्राप्त भइरहेको बढ्दो सहयोगको साथै यस वर्ष हाम्रो मुलुकमा आइपरेको खाद्यान्न समस्या समाधान गर्नमा मित्रराष्ट्र संयुक्तराज्य अमेरिका, संयुक्त अधिराज्य र क्यानाडा लगायत अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त भएको सहयोग विशेष उल्लेखनीय छ। यस प्रकार, नेपालको विकासको लागि मित्रराष्ट्रहरू र अन्त-र्राष्ट्रिय संस्थाहरूको बढ्दो अभिरुचि र सहयोगको लागि मेरो सरकार कृतज्ञता ज्ञापन गर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८६

देशको सर्वाङ्गीण विकास हाम्रो सामूहिक लक्ष्य हो । यस महान लक्ष्यप्राप्तिको लागि निर्दलीय पञ्चायत व्यवस्था एक मात्र माध्यमका रूपमा हामीले अपनाएका छौं । व्यवस्थाको वास्तविक लक्ष्य हासिल गर्न कार्यकर्ताहरूको महत्त्वपूर्ण स्थान रहन्छ भन्ने कुरालाई ध्यानमा राखी गाउँ फर्क राष्ट्रिय अभियानको माध्यमबाट उनीहरूको सही मूल्यांकन गर्ने व्यवस्था लागू गरिदैछ । यसको निमित्त गाउँ फर्क राष्ट्रिय अभियानको संगठन र कार्यविधिमा पनि आवश्यक सुधार गरिएको छ ।

आशा छ, सानातिना मतभेदबाट विचलित नभई राष्ट्रनिर्माण तथा जनसेवाको महान् अभियानमा सबै देशवासी र पञ्चहरूको सहयोग मेरो सरकारलाई निरन्तर प्राप्त भइरहने छ ।

जय नेपाल !

आज्ञाले–
जंगबहादुर चन्द
राष्ट्रिय पञ्चायतको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४८